माथि दफा दफामा लेखिएबाहेक अरू कुनै शर्त डाँक कबुल गराउनेछैन ५ ५१

———

फाराम खडा भई डाँक हुँदै गई आखिरी डाँक गर्नेको डाँकभन्दा बढी कसैले कबुल नगर्ने देखिई यस काममा खटिएको अफिसरले १।२।३ गरी फाराम बन्द गर्न लाउनेछन्। सोबमोजिम गरी फाराम बन्द गर्ने आडर गरी दिएपछि अरू कसैले बढी डाँक कबुल गरे पनि सो डाँक फाराममा लेख्ने र चढाउनेछैन। सो जानी फाराम बन्द गर्न लाउने अडर दिनुभन्दा अगावै इच्छामुताबिक कबुल डाँक लेखाउनुपर्छ। पछि कुनै कुराको उजुर सुनुवाई हुनेछैन।

सेक्रेटरी, अर्थविभाग

## शाही भत्ताकमिशनको सूचना

कुनै काम ठेकिई सरकारिया काममा रहेका बाहेक अरू भत्तावालाहरूले नमुनाबमोजिम दरखास्त दिन पठाउनेबारे ०६ साल श्रावण २० गते प्रकाश भएको गजेटमा २००० रु. भन्दा बढी र घटीमा पनि निम्नलिखित जवानहरूको भत्ता हाललाई रोकी पछि शाही कमिशनबाट दिने नदिने ठहर गर्नेछन् भन्ने (क्यामिनेट ठहर भएको भनी) लेख्नुपर्नेमा भूलले २००० रु. भन्दा बढी र घटी भत्ता हाल रोकी पछि शाही कमिशनबाट दिने नदिने ठहर गर्ने भनी लेखिन गै २००० मुनिको रोकिने भत्ताको फाँट लेख्नु छुटेकाले यसमा खुलाई प्रकाश गरीदिएको छ। सो भूल सुधार गरी काम काज गर्नुहोला।

| | |
|---|---|
| श्रीओंशमशेर ज. ब. रा. लाई ठेकिएको भत्ता मोहरू | १२०० |
| श्रीप्रभाकरशमशेर ज. ब. रा. लाई ठेकिएको भत्ता मोहरू | १८०० |
| श्रीसुरजशमशेर ज. ब. रा. लाई ठेकिएको भत्ता मोहरू | १८०० |

१९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्रीज्योतिशमशेर ज. ब. रा. लाई ठेकिएको भत्ता मोहरू — — १८००
श्रीशेषशमशेर ज. ब. रा. लाई ठेकिएको भत्ता मोहरू — — १२००
श्रीकेशवशमशेर ज. ब. रा. लाई ठेकिएको भत्ता मोहरू — — १२००
श्रीप्रकटशमशेर ज. ब. रा. लाई ठेकिएको भत्ता मोहरू — — १२००
श्रीप्रसिद्धशमशेर ज. ब. रा. लाई ठेकिएको भत्ता मोहरू — — १२००
श्रीप्रबलशमशेर ज. ब. रा. लाई ठेकिएको भत्ता मोहरू — — १२००
श्रीकेयूरशमशेर ज. ब. रा. लाई ठेकिएको भत्ता मोहरू — — १८००
श्रीनेत्रशमशेर ज. ब. रा. लाई ठेकिएको भत्ता मोहरू — — १२००
श्रीबेदेन्द्रशमशेर ज. ब. रा. लाई ठेकिएको भत्ता मोहरू — — १२००
सुकेटका ठाकुर मोतिसिंहका छोरा धर्मसिंहके देशी नोट् रू. — — १२००
राजेन्द्रसिंह कुबेरके ऐ — — — — — — — — १२००
श्रीथलार राजा राघवनारायणसिंहका छोरा श्रीझरेन्द्रनारायणसिंहके मोहरू १४००

चियर मैन,
शाही भत्ताकमिशन.

## अर्थ (आय) विभागको सूचना

भारतका बिभिन्न स्थानबाट विभिन्न मालसामान पदार्थहरू पैठारी गर्ना निमित्त लाइसेन्स गराई नोट सटही गरी लिएका साहू महाजनहरूले लेखिएको माल भंसा-रमा आइपुगेपछि यो यो लाइसेन्सको यो यो माल यति यति ल्याएको छु भनी भंसार गोस्वारामा जचाउन लगाई निस्सा लैजाने गर्नुहोला।

आ. सेक्रेटरी,
अर्थ (आय) विभाग.

---

१६५

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिक ... प्रमाणित ... मात्र लागु हुनेछ।